
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं २७ गते बिहीबार ❑ 12 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## नेपालको प्रजातान्त्रिक आन्दोलनमा योगदान गर्ने ११ जना सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं



विपी स्मृति पुस्तकालय गण्डकी प्रदेशले नेपालको प्रजातान्त्रिक आन्दोलनमा योगदान गर्ने ११ जना व्यक्तित्वलाई बुधबार सम्मान गरेको छ ।

१११ औं विपी जयन्तीको अवसरमा पारी आयोजित एक समारोहका बीच नेपाली काँग्रेसका पूर्व महामन्त्री डा।शशांक कोइरालाले उहाँहरूलाई सम्मान गर्नुभएको हो । उहाँहरूलाई जनही २५ हजार रुपैयाँ नगद सहित दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो । सम्मानित हुनेमा दुर्गादत्त पौडेल (नवलपुर), तीलबहादुर गुरुङ (गोरखा), सानुमाया गुरुङ (लम्जुङ), बुद्धिकुमार बतास (तनहुँ), राज घले (मनाङ), भोजराज भण्डारी (कास्की), वेदप्रकाश पनेरु (स्याङ्जा), रुद्रलाल उपाध्याय (पर्वत), गोविन्द कंडेल (बाग्लुङ), भैरवबहादुर हुमेल (म्याग्दी), कृष्णप्रसाद बरुवाल (मुस्ताङ) रहनुभएको छ । कार्यक्रममा नेपाली काँग्रेसका पूर्व महामन्त्री कोइरालाले विपीको चिन्तलाई आत्मसात गर्न सकेमा काँग्रेस कहिल्यै पनि कमजोर बन्न नपर्ने बताउनुभयो । गण्डकी प्रदेशका मुख्यमन्त्री एवम् नेपाली काँग्रेसका केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डेले जनताको शासन गर्न जनताले नै पाउनुपर्छ भन्ने विचारका साथ स्थापित नेपाली काँग्रेसले विपीमा आदर्शलाई भुल्न नहुनेमा जोड दिनुभयो । नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले विपीले तत्कालीन समयमा अघि सार्नुभएको राष्ट्रियता, प्रजातन्त्र र समाजवादको चिन्तनलाई पूर्ण रुपमा अवलम्बन गर्न नसकेका कारण काँग्रेस कमजोर बनेको बताउनुभयो ।

स्थापनाकालीन आदर्शलाई व्यवहारमा उतार्दै अघि बढेमा काँग्रेस कसैसँग पनि झुक्नु पर्ने र सधैं जनताको विश्वास जितिरहने उहाँको भनाइ छ । कार्यक्रमका सभापति एवम् विपी स्मृति पुस्तकालय गण्डकी प्रदेशका अध्यक्ष माधवप्रसाद बास्तोल (मधु)ले पुस्तकालयका तर्फबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा विभिन्न तबरले योगदान गरेका व्यक्तिहरूलाई वर्षेनी सम्मान गरिदै आइएको बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा.रघुराज काफ्लेले विपी कोइरालाः प्रजातान्त्रिक समाजवाद र नेपाली काँग्रेसको आर्थिक कार्यक्रम विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाली काँग्रेस मुस्ताङका सभापति रोमी गौचन, नेपाली काँग्रेस गण्डकी प्रदेशका महामन्त्री किरणबाबुश्रेष्ठ एवम् सम्मानित व्यक्तिहरूले विपीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा पुर्याउनु भएको योगदानको चर्चा गर्नुभएको थियो । पुस्तकालयका सचिव सूर्य क्षेत्रीले सञ्चालन गर्नुभएको कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेशका सदस्य एवम् पुस्तकालयका कोषाध्यक्ष शिरोमणि बरालले पुस्तकालयका सम्बन्धमा प्रकाश पार्दै धन्यवाद सहित कार्यक्रमको समापन गर्नुभयको थियो ।

## गण्डकी प्रदेशसभामा दुई विधेयक पेस

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं



गण्डकी प्रदेशसभाको बुधबारको बैठकमा दुई विधेयक पेस भएका छन् ।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले 'केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक' र उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले 'गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' सभासमक्ष पेस गर्नुभएको हो ।

सभाले कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठको 'जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई दफाबार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्तावलाई पारित गरेको छ। 'गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई सम्बन्धित समितिमा पठाउने प्रस्तावलाई पनि बैठकले पारित गरेको छ ।

सभामा मुख्यमन्त्री पाण्डेले महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन सभामा पेस गर्नुभएको थियो । 'गण्डकी प्रदेशसभा नियमावली-२०८० संसोधन मस्यौदा समिति गठन' सम्बन्धी प्रस्तावलाई पनि बैठकले पारित गरेको प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवदीले जानकारी दिनुभयो । उक्त समितिमा प्रदेशसभा सदस्य गोविन्दबहादुर नेपाली, कुसुम बुढा, प्रकाश बराल र बिन्दु पौडेल रहनुभएको छ ।

समितिको बैठकले संयोजक चुन्ने र कार्यविधि तय गर्ने प्रदेशसभा सदस्य नेपालीले बताउनुभयो । पूर्वप्रदेशसभा सदस्य, प्रदेशसभा र विषयगत समितिको गणकपुरक सङ्ख्यालगायत विषयमा नियमावली संशोधनको मस्यौदा उक्त समितिले तयार गर्ने जनाइएको छ। आजको बैठकमा प्रदेशसभा सदस्यहरुले समसामयिक राजनीतिक परिस्थिति र जनजीविकाका विषयमा धारणा राख्नुभएको थियो ।

## श्रीमतीको हत्या आरोपमा श्रीमान पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

पोखरामा श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले उनका श्रीमानलाई पक्राउ गरेको छ ।

अन्नपूर्ण गाउँपालिका-१ नौडाँडा घर भइ हाल पोखरा-८ कुँवरटोल बस्दै आएकी ४० वर्षीया राधिका कुँवरको हत्या गरेको हारोपमा उनका श्रीमान ४२ वर्षीय जहरसिँह कुँवरलाई प्रहरीले आज पक्राउ जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वसन्त शर्माका अनुसार सामान्य विवादका क्रममा जहरसिँहले राधिकामाथि खुकुरी प्रहार गरेका थिए । उपचारका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगिए पनि उनलाई बचाउन नसकिएको प्रहरीले जनाएको छ ।

छिमेकीले घटनाबारे जानकारी गराएपछि वडा प्रहरी कार्यालय बैदामको टोलीले राधिकालाई उपचारका लागि अस्पताल लगेको थियो । जहरसिँह खुकुरीसहित पक्राउ परेका हुन् । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको बताइएको छ ।

## नेपाल अन्तर्राष्ट्रिय जगतमा चिनिन थालेको छ : प्रधानमन्त्री ओली

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल खेल क्षेत्रबाट क्रमशः अन्तर्राष्ट्रिय जगतमा चिनिन थालेको बताउनुभएको छ ।

राष्ट्रिय खेलकुद परिषद्को ६१औं वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले पछिल्ला समयमा खेल क्षेत्रले अन्तर र्राष्ट्रियस्तरमा उपलब्धि हासिल गर्न थालेको र पलेशा गोवर्द्धनले पारा ओलम्पिकमा कास्य पदक जित्नु एक कोशेढुङ्गा सावित भएको बताउनुभयो । पलेशालाई दिइने रु ६५ लाख पुरस्कार कर नकटाइ छिट्टै दिइने जनाउँदै प्रधानमन्त्री ओलीले पुरस्कार घोषणा भएर प्राप्त नहुने अवस्था अब अन्त्य हुने स्पष्ट गर्नुभयो ।

"मौका पाएपछि नेपालीले गर्छ भनेर मैले भन्दै आएको छु । हामीले नयाँ नयाँ सफलता र कीर्तिमान (रेकर्ड) कायम गर्नुपर्छ । पुराना रेकर्डहरू तोड्दै जानुपर्छ । म सबै खेलाडीलाई भविष्यमा थप सफलता मिलोस् भन्ने शुभकामना दिन्छु," परिषद्का संरक्षकसमेत रहनुभएका प्रधानमन्त्री ओलीले भन्नुभयो, "हाम्रो अबको लक्ष्य जापानको ओलम्पिक खेल हुनुपर्छ ।

एसियन खेम लक्ष्य हुनुपर्छ । त्यसको तयारी राम्रोसँग होस् । त्यसअनुसारको तालिम र अभ्यास होस् भन्न चाहन्छु ।" प्रधानमन्त्री ओलीले कुनै पनि खेलमा प्रतियोगिताको अन्तिम समयसम्म जितिन्छ भन्ने दह्रो आत्मबल बनाएर आँटका साथ खेलेमा जित हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले खेल क्षेत्रका संस्थाहरू लोकतान्त्रिक रुपमा चलाइनुपर्नेमा जोड दिँदै विधागत विकास र उन्नतिको साटो आफ्नो स्वार्थका लागि कब्जा जमाइ राख्ने प्रवृत्ति उचित नहुने बताउनुभयो ।

कार्यक्रममा प्रधानमन्त्री ओलीबाट विभिन्न खेलमा यो वर्ष उत्कृष्टता हासिल गर्ने खेलाडीलाई सम्मान वितरण गरिएको थियो ।

## बस र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, २६ भदौं

पृथ्वीराजमार्गअन्तर्गततनहुँको आँबुखैरेनी गाउँपालिका-२ नारीघाटमा बुधबार दिउँसो २:१५ बजे बस र मोटरसाइकल ठोक्किदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

आँबुखैरेनीबाट डुम्रेतर्फ आउँदै गरेको ग १ ख ७१४५ नम्बरको बस र विपरित दिशाबाट जाँदै गरेको बा ९१ प २४५७ नम्बरको मोटरसाइकल ठक्किँदा मोटरसाइकल चालक आँबुखैरेनी गाउँपालिका-२ बस्ने २८ वर्षीय आस्विन सुनारको मृत्यु भएको थियो ।

दुर्घटनामा घाइते सुनारलाई तत्काल आँबुखैरेनी अस्पताल लगिएकामा २:३० बजे चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीले राससलाई जानकारी दिनुभयो ।

प्रहरीले बस चालक लमजुङको सुन्दरबजार नगरपालिका-८ बस्ने २८ वर्षीय दीप भुजेललाई नियन्त्रणमा लिएको छ । यसैगरी बसको पछाडिपट्टि बि ४६५० नम्बरको कार ठोक्किएको थियो ।

**पुलबाट बस खस्दा ११ घाइते**

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-३ स्थित गाउँपालिकाको कार्यालय अगाडिको पुलबाट आज बस खस्दा ११ जना घाइते भएका छन् । मुग्लिनबाट पोखरातर्फ आउँदै गरेको ग १ ख ९४०२ नम्बरको बस पुलबाट खस्दा एघार जना घाइते भएका हुन् । वडा नम्बर ३ र २ जोड्ने खहरेखोलामा निर्माण गरिएको पुलको बीच भागमा ग्याप रहेको र सोही ग्यापबाट बस खसेको हो ।

घाइतेहरू सबैलाई आँबुखैरेनी अस्पताल पुर्याइएको र अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरिक्षक दीपक रायले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "त्यस ठाउँमा नयाँ र पुरानो दुई वटा पुल छन् । बीचमा ग्याप छ । बस चालक झुक्किएर ग्यापबाट बस खसेको देखिन्छ ।"

## बेनी अस्पतालमा औषधि अभाव

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ भदौं

बेनी अस्पतालमा निःशुल्क रूपमा वितरण हुने औषधि अभाव भएको छ । सरकारले जिल्ला अस्पतालबाट ९६ प्रकारका औषधि निःशुल्क वितरण गर्ने नीति लिए पनि बेनी अस्पतालको निःशुल्क औषधि वितरण कक्षमा २५ देखि ३० प्रकारका औषधि मात्र उपलब्ध छन् ।

निःशुल्क वितरण गर्ने औषधि बीमा सेवाबाट पनि नपाउने, अस्पतालको औषधि वितरण कक्षमा पनि नहुनाले समस्या भएको बेनपा-४ का रमेश क्षेत्रीले गुनासो गर्नुभयो । बीमाबाट पाइने केही औषधि भदौ १ देखि सरकारले निःशुल्क वितरण गर्ने भने पनि अस्पतालमा नपठाएकाले दीर्घरोगका बिरामी धेरै प्रभावित भएका उहाको भनाइ छ ।

अस्पतालको औषधि स्टोर शाखा प्रमुख तथा सूचना अधिकारी वरिष्ठ नर्सिङ अधिकृत खेमकुमारी पन्तले गण्डकी प्रदेश सरकारको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले समयमा औषधि नपठाएकाले अभाव भएको बताउनुभयो । "सरकारले निःशुल्क वितरण गर्ने भनेका औषधि हामीले टेन्डर गरेर खरिद गर्न पाइँदैन । प्रदेश सरकारले समयमै औषधि नपठाउँदा समस्या भएको हो", उहाँले भन्नुभयो ।

प्रदेश सरकारसँग औषधि पठाउन माग गरे पनि सुनुवाइ नभएको बेनी अस्पतालका प्रमुख डा अञ्जु थापाले बताउनुभयो । उहाँले प्रदेश सरकारसँग चालु आर्थिक वर्षको सुरुआतमै औषधि माग गरिए हालसम्म प्राप्त हुन नसेको बताउनुभयो । निःशुल्क उपलब्ध नहुँदा नियमित औषधि सेवन गर्नुपर्ने


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एकमत भएर मत हाल्ने पोखराको सर्वेश्वर व्यवसायीको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

पोखराको सर्वेश्वर र पराजुली मार्गका होलसेल व्यवसायीहरुले पोखरा उद्योग वाणिज्य संघको चुनावमा आफ्ना उम्मेदवार हरुलाई एकमत भएर मत हाल्ने प्रतिबद्धता जनाएका छन् ।

पोखरा उद्योग वाणिज्य संघको यहि भदौ २८ र २ ९ गते हुन गइरहेको ३५ औं महाधिवेशनमा सर्वेश्वर व्यवसायी समितिमा आबद्ध उम्मेदवार हरुको 'परिचय कार्यक्रम तथा जिताऔं अभियान'मा अधिकांश व्यवसायी उपस्थित भएर यस्तो प्रतिबद्धता जनाएका हुन् । एक पटक नेतृत्व लिएर ईतिहास बनाइसकेको सर्वेश्वरले फेरी त्यो ईतिहास दोहोऱ्याउनका लागि नेतृत्व तयार गर्दै जानपनि यस पटक उम्मेदवार भएका चारै जनालाई जिताउने उनीहरुको प्रतिबद्धता छ। यसअघि सर्वेश्वर व्यवसायीहरुले पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा नारायण कोईरालालाई जिताईसकेका छन् । यसपटक संघको चुनावमा सर्वेश्वर व्यवसायीहरुको तर्फबाट सर्वेश्वर व्यवसायी समितिका सल्लाहकार तथा आजिवन सदस्य प्रेमप्रसाद सुवेदी, आजिवन सदस्य तथा पूर्व पदाधिकारी लेखनाथ सुवेदी, आजिवन सदस्य तथा पूर्व



पदाधिकारी यादवप्रसाद पोखेल र आजिवन सदस्य तथा शुभचिन्तक टिकाराम सुवेदी (माधव) सदस्य पदका उम्मेदवार छुन् । संघको चुनावमा प्रेमले क्रम संख्या (६), यादवले (१०), टिकारामले (२) र लेखनाथले १३ पाएका छन् ।

मंगलबार साँझ आयोजित कार्यक्रममा चारै जना उम्मेदवारहरुले आफूहरु सर्वेश्वर-पराजुली मार्गका व्यवसायीहरुको साझा उम्मेदवार भएको बताए । सर्वेश्वर-पराजुली मार्गका व्यवसायीहरु आफूहरुको परिवार भएकाले एकमत, एकसाथ भएर मतदान गर्न आग्रह गरे । एउटै क्षेत्रबाट चारजना उम्मेदवार भएपनि व्यवसायीको मुद्धामा चारै जनाको स्वर एउटै भएको बताउँदै उनीहरुले भने,'संघमा निर्वाचित भएपछिपनि हाम्रो एकता र स्वर एउटै हुन्छ। विभाजित हुँदैनौं ।'

दोश्रो पटक सदस्य पदमा दोहोरिन उम्मेदवार बनेका प्रेमप्रसाद सुवेदीले व्यवसायीको राय, सुझाव लिएर आफू अघि बढ्ने प्रतिबद्धता जनाए ।

अर्का उम्मेदवार यादवप्रसाद पोखरेलले अघिल्लो पटक बेहोरेको हारलाई जितको शुरुवात मानेर फेरी उम्मेदवार बनेको बताए । वर्तमान कार्यसमितिमा मनोनित सदस्यका रुपमा रहेर एक कार्यकाल गुजारेका टिकाराम सुवेदी (माधव)ले आफूले संघको बैठकमा बारम्बार व्यवसायीका मुद्धा उठाएको बताए । अर्का उम्मेदवार लेखनाथ सुवेदीले संघ र व्यवसायीबीच समन्वय गरेर व्यवसायीका समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाए । सर्वेश्वर व्यवसायीहरुले पोखरामा घरबहाल कर, पार्किङ, फुटपाथ क्लियर, फुटपाथ व्यापारीको व्यवस्थापन, ठेला तथा पोका बोकेर घरघरमा पुग्ने खुद्रे व्यापारीको व्यवस्थापनलगायत समस्याका रुपमा रहेकाले त्यसको समाधानका लगि नेतृत्वदायी भूमिका खेल्न सुझाव दिए ।

कार्यक्रममा बोल्दै सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)ले ईतिहास दोहोऱ्याउन आफूहरु तयार रहेको बताए । समितिका सल्लाहकार तथा पूर्व अध्यक्ष धर्ममानसिंह भण्डारीले आफ्ना उम्मेदवारहरुलाई जिताएर सर्वेश्वर नेतृत्व जन्माउने कारखाना हो भन्ने बनाउन व्यवसायीहरुलाई आग्रह गरे । समितिका सल्लाहकार नरहरी अधिकारीले व्यवसायीको आवाज बुलन्द गर्न सर्वेश्वरमा आबद्ध उम्मेदवारहरुलाई जिताउनै पर्नेमा जोड दिए । समितिका निवर्तमान अध्यक्ष बालकृष्ण भण्डारीले आफूहरु जिताउन तयार रहेको तर जितेपछि विभाजित नभई चारैजनाको स्वर एउटै बनाउन आग्रह गरे। होलसेल तथा खुद्रा दुवै व्यापार हुने यी दुई मार्गमा स्याङ्जा, वालिङ, तनहुँ, लमजुङ, पर्वत, बागलुङ, म्याग्दीदेखि मनाङ र मुस्ताङ तथा पूर्वी रुकुम र पश्चिम रुकुमसम्मका खुद्रा व्यापारी ग्राहकका रुपमा आउने गरेको वरिष्ठ उपाध्यक्ष छवीलाल गौतमले जानकारी दिए ।

# होटल संघका सदस्यलाई यतिको टिकटमा छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

होटल संघ पोखरा नेपाल र यति एयरलाइन्स लिमिटेड काठमाडौंबिच संघका सदस्यहरुलाई सहुलियत दरमा हवाई टिकट उपलब्ध गराउने विषयमा हालै समझदारी भएको छ।

नेपालका आधा दर्जन भन्दा बढी हवाई रुटका टिकटमा चार सय रुपैयाँदेखि छ सय रुपैयाँसम्म छुट प्रदान गर्ने विषयमा समझदारी गरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । यति एयरलाइन्सको मोवाइल एप र वेबसाइटबाट टिकट खरिद



गर्ने होटल संघ पोखराका सदस्यले यस्तो सुविधा पाउने यतिका पोखरा स्थित स्टेशन म्यानेजर रामप्रसाद लामिछानेले जानकारी दिए । संघको पोखरा स्थित कार्यालयमा आयोजित समारोहमा संघका अध्यक्ष सुवेदी र यतिका स्टेशन म्यानेजर लामिछानेले हस्ताक्षर गरी सम्झौतापत्र आदानप्रदान गरेका थिए ।

# सडक यातायात व्यवसायिक पत्रकारिता पुरस्कार सपाकोटालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

राष्ट्र न्यूज डट कमका सम्पादाक प्रकाशचन्द्र सापकोटा सडक यातायात व्यवसायिक पत्रकारिता पुरस्कार २०८१ बाट सम्मानित हुनभएको छ।

पोखरा यातायात प्रा.लि पोखरा कास्कीले हरेक वर्ष प्रदान गर्दै आएको यो पुरस्कारबाट बुधबार प्रा.लिको छौटौं वार्षिक साधारसभामा उहाँलाई सम्मान गरिएको हो । सडक यातायात सँग सम्वन्धित सूचना एवम् सचेतनामूलक समाचार पत्रकारिताको विभिन्न माध्यमबाट आम उपभोक्ता, व्यवसायी, मजदुर लगायतका सरोकारवालहरु सम्म सम्प्रेषण गरेको भन्दै सापकोटालाई नगद सहित सम्मान पत्रलेले सम्मान गरिएको थियो ।

उक्त पुरस्कारको राशि २५ हजार र सम्मान पत्र रहेको छ । नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारी संयोजक रहेको पत्रकार पुरस्कार छनौट उपसमितिले सापकोटालाई पुरस्कृति गर्न सिफारिस गरेको हो । सापकोटालाई कार्यक्रमका प्रमुख अतिथी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँर, वरिष्ठ उपाध्यक्ष सरोज सिटौला र पोखरा यातायात प्रा.लिका अध्यक्ष देउ प्रसाद गुरुङले नगद सहित सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

विगत दुई दशक देखि पत्रकारितामा सक्रिय पत्रकार



सापोकाटा आदर्श समाज, राष्ट्रिय समाचार समिति टि टिभि, समाधान हुदै हाल राष्ट्र न्यूज डटकम र रेडियो हेमजामा आवद्ध हुनुहुन्छ ।

यसैगरी छैटौ साधारण सभाको अवसरमा असल चालक तर्फ ग १ ख ३८८७ का चालक सूर्य रानाभाट, असल सहचालक तर्फ ग १ ख ६९७१ का सहचालक कमल गुरुङ, पुरानो व्यवसायी ग १ ख ५२५३ र ग १ ख ३९८९ का सवारी धनी भेषबहादुर कुँवर, कर्मचारी तर्फ ध्रुव पुलामी मगर सम्मानित हुनुभएको छ ।

त्यस्तै दश जोड दुई बाट उत्कृष्ट हुने शेयर सदस्य तर्फ ग १ ख ६९५१ की मायाँ विक कि छोरी सोनिया विक र कर्मचारी तर्फ लेखा प्रमुख निर्देशक कुमार चुल्याजुका छोरा अभिनव कुमार चुल्याजुलाई सम्मान गरिएको थियो । यसअघि कार्यक्रममा बोल्दै प्रमुख अतिथी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले निजि क्षेत्रले गरेको लागानिलाई नेपाल सरकारले नजर अन्दाज गर्न नुहने बताउनुभयो । वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले व्यवसायीलाई विना योजना प्रालिमा जान वाध्य बनाएको बताउनुभयो । सम्मानित पत्रकार प्रकाशचन्द्र सापकोटा यस्ता खालका पुरस्कारले पत्रकारलाई काम गर्न थप उर्जा मिल्ने बताउनुभयो ।

पोखरा यातायात प्रालिका अध्यक्ष देउ प्रसाद गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष ऐनकुमार शाही, नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारी, पोखरा यातायात प्रा.लिका सल्लाहाकर वसन्त कुमार प्रधान, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेश सचिव तथा पृथ्वी राजमार्ग वस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ कास्कीका अध्यक्ष कृष्ण प्रसाद ढुङ्गाना, नेपाल यातायात मजदुर संघ गण्डकीका अध्यक्ष विष्णु खत्री, पोखरा यातायात प्रा.लिका प्रवन्ध निर्देशक देवि प्रसाद कुइकेल, कम्पनी सचिव जिवन प्रसाद पौडेलले बोल्नुभएको थियो ।

# जसपाको गण्डकीमा संगठन निर्माण अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

पोखरा जनता समाजवादी पार्टी नेपालले गण्डकी प्रदेशमा संगठन निर्माण अभियान थालेको छ।

पार्टीको केन्द्रिय सर्कुलेसन अनुसार गण्डकी प्रदेशमा आधारभुत संगठन निर्माण अभियानको सुभारम्भ गरेको हो । पोखरा १० उत्तमचोकमा भएको उक्त कार्यक्रममा ५५ जनाले पार्टी प्रवेश गरेका छन् । पार्टीका सह-अध्यक्ष तथा रकम चेम्जोङले संगठन विस्तारको कार्यक्रम अघि बढेको बताए । पछिल्लो समय ठुला दलप्रतिको वितृस्णा र उनीहरुको कार्यशै लीका कारण जनता आजित भएकाले अब नयाँ बैकल्पिक पार्टी रोज्ने कार्य सुरु भएको उनले सुनाए । पार्टीले हाल कांग्रेस-एमाले सरकारलाई समर्थन गरेको र नराम्रो काम गरेमा तत्कालै समर्थन फिर्ता लिने समेत बताए । विशेष गरि पार्टीले संविधान संशोधनको



विषयलाई लिएर समर्थन गरेको उनको भनाइ छ। जसपाको मुल एजेण्डा नै निर्वाचित राष्ट्र प्रमुख हुनुपर्ने रहेको छ।

पुर्व विज्ञान प्रविधि मन्त्री तथा केन्द्रिय उपाध्यक्ष शिवलाल थापाले आम नागरिक निर्वाचनमा सहभागि हुन निकै असहज भएकाले समानुपातिक निर्वाचन प्रणाली हुनुपर्नेमा जोड दिए । संघ र प्रदेशका लागि पार्टीगत रुपमा निर्वाचनमा जानुपर्ने र स्थानीय तहमा भने पार्टीगत जान नहुने उनले बताए।

'हामीले राष्ट्र प्रमुख वा कार्यकारी प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुनुपर्छ भनेका छौं । संविधान संशोधन हाम्रो पनि माग हो' उनले भने, ' अहिले संघीयताको नाममा केन्द्रकृत मानसिकता कायमै छ। प्रदेश र स्थानीय तहले आफ्नो अधिकार प्राप्त गरेका छैनन् ।' संघीयता असफल बनाउन केही तत्वहरु लागिरहेको र त्यसलाई चिर्न आवश्यकता रहेको उनले सुनाए । सोही क्रममा समाजवादी युवा संघ गठन समेत गरिएको छ । भगवान श्रेष्ठको संयोजकत्वमा १९ सदस्यीय संघ गठन भएको हो । मधुकर न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष शिवलाल थापा, केन्द्रिय सदस्य देव बहादुर दुरा लगायतले बोलेका थिए ।

# बेनी ...

मानसिक, मधुमेह, उच्च रक्तचाप, मुटुसम्बन्धी रोगलगायत नसर्ने रोगका बिरामी बढी प्रभावित भएका डा थापाले जानकारी दिनुभयो ।

सिटामोल, जीवनजललगायत पाँच/दश वटा आधारभूत औ षधिबाहेक अन्य औषधि सधैँ मौज्दात नहुने, उच्च रक्तचाप र कोलेस्ट्रोलका बिरामीले नियमित खाने औषधि दुई महिनायता अस्पतालमा नआएको जनाइएको छ।

प्राप्त जानकारीअनुसार मधुमेहका बिरामीलाई दिइने विभिन्न औषधिमध्ये पाँच सय एमजीको मेटफरमिनबाहेक अर्को औषधि छैन। मेटफरमिन पनि छ महिनाको अन्तरमा आउँछ। त्यस्तै उच्च रक्तचाप र कोलेस्ट्रोलका बिरामीले नियमित खानुपर्ने एट्रोभास्टिनको सबै मात्रा पछिल्लो नौ महिनादेखि अस्पतालमा उपलब्ध हुन सकेको छैन । बेनी अस्पतालमा म्याग्दीका साथै पर्वतको जलजला गाउँपालिकाका दैनिक दुई सय ५० जनाले सेवा लिने गरेका छन् ।

# टी-ट्वान्टी विश्वकप एसिया छनोटका लागि खेलाडी छनोट

**रासस**
काठमाडौं, २६ भदौं


आइसीसी यू-१९ महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटका लागि पहिलो चरणमा २९ खेलाडी छनोट भएका छन् ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले बुधबार सार्वजनिक गरेको प्रेस विज्ञप्तिअनुसार पूजा महतो, सोनी पाख्रिन, ऐली यादव, किरणकुमारी कुँवर, त्रिशना विक, मनिषा उपाध्याय, रिया शर्मा, करिश्मा गुरुङ, पूजा साउद, विपसा शाही, साना प्रविण, प्रतिमा शाह, स्नेहा महरा र सावित्रा धामी छनोटमा परेका छन् ।

त्यस्तै अनु कडायत, मनिषा बोहोरा, करिश्मा थापा, रविना साउद, सुस्मिता भुसाल, अलिशाकुमारी यादव, भवानी कमाती, आरती महतो, पुजा महतो, कुशम गोदार, सीमाना केसी, ज्योत्सनिका मरासिनी, निरु जीटी, सेरिना थापा, रचना चौधरी र आस्मा पुलामी मगर पहिलो चरणमा छनोटमा भएका छन् ।

टि-ट्वान्टी विश्वकप एसिया छनोट आगामी नोभेम्बरमा युएईमा हुने क्यानले जनाएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# सरकार पुनरावलोकनमा जाऊ

सर्वोच्च अदालतले गरेको एउटा फैसलाले काठमाडौंका लाखौं मानिस प्रभावित हुने भएका छन । सर्वोच्चले गरेको फैसलाको पूर्ण पाठ आएपछि काठमाडौं महानगरले निकालेको सुचनाले धेरैलाई तर्साउने काम गरेको छासर्वोच्चको फैसलापछि काठमाडौं महानगरका प्रमुख बालेन शाहले निकालेको सुचनाले नागरिकलाई आतंकित बनाउनुका साथै पार्टीहरूललाई विभाजित गरिदिएको छ । काठमाडौं महानगरपालिकाका उपप्रमुख, कार्यपालिका सदस्यहरू प्रमुख बालेन्द्र साहको विपक्षमा उभिएर जनतालाई साथ दिएका छन ।

काठमाडौं उपत्यकाका पुराना राजनीतिक दलहरु पनि फैसलाबाट प्रभावित हुने जनताको पक्षमा छन । संघीय संसदमा काङ्ग्रेस, एमाले, राप्रपा र एकीकृत समाजवादी सर्वोच्चको फैसला पुनरावलोकनमा जानुपर्ने भन्दै घुमाउरो रुपमा फैसलाप्रति असन्तुष्ट छन । केही दल फैसलालाई समर्थन गर्न नसके पनि सत्तारूढ दलको पछि लागेको देखिने डरले पर्ख र हेरको अवस्थामा छन। सरकारले जनताको आवाज सुनेर पुनरावलोकनको लागि जाने आश्वासन दिएको छ ।

सरकारले २०६५ सालमा काठमाडौंका नदीहरूको मापदण्ड तोकेको थियो। बागमती, विष्णुमती र मनहरामा २० मिटर, धोबीखोलामा ९ मिटर, नक्खुमा १२ मिटर, बल्खु, कर्मनासा, कोड्कु, साङ्ले र महादेव खोलामा १० मिटर सीमा भनिएको थियो । तर सर्वोच्च अदालतले पुस ३ मा गरेको त्यसैसँग सम्बन्धित फैसलाको यसै साता आएको पूर्णपाठमा भने थप २० मिटर भनेर आयो । न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र विनोद शर्माको इजलासको फैसलालाई आधार मानेर मेयर बालेनले सूचना जारी गरेपछि सिंगो उपत्यकावासीमा आतंक फैलियो ।

बालेनले भनेजस्तै गरी फैसला कार्यान्वयन गर्ने हो भने भनिन्छ ८० हजार घरपरिवारको उठिबास हुन्छ। आखिर खोला किनारका बासिन्दाको थुप्रैको जमिन पुर्ख्यौली पनि छ, र थुप्रैले सरकारले बनाएको मापदण्डअनुसारै घरजग्गा किनेका हुन् । न्यायालयले सबै पक्षको अध्यन नगरि अदालतको फैसलामै गम्भीर त्रुटि भएको छ। न्यायालयले कानुन र प्रमाणलाई आधार मान्छ । नदी किनारका लागि सरकारले तोकेको मापदण्ड नै कानुन हो । त्यसलाई आधार मान्दा सर्वोच्चसँग थप २० मिटर भनेर फैसला गर्ने आधार नहुनुपर्छ । हुँदैन नै । तर थप सक्रियतापूर्वक न्यायालयबाट गरिएको 'न्याय' जनताका लागि चाहिँ अन्याय भएको छ। सरकारले उक्त फैसलामा पुनरावलोकन गर्ने भनेको छ। र, पक्कै पनि न्यायालयबाट भएको त्रुटिमा सुधार हुन्छ ।

नागरिकको जिउधन र सम्पत्तिको रक्षा गर्ने दायित्व सरकारको हो । तसर्थ सरकारले न्यायालयको दैलो ढकढक्याउँदै जनताका लागि फैसला पुनरावलोकनमा जानु नै उत्तम उपाय हो । बालेनका जसरी बहुलठ्ठीपना कुनै पनि सरकारले देखाउनु हुँदैन । जनताको धन जनको सुरक्षा गर्ने दायित्व सरकारको हो।जनतालाई उठिबास गरेर हुँदैन ।यसलाई सबैको साझा समस्याको रुपमा लिएर साझा धारणा बनाउन पनिउ जरुरी छ।

# गाउँमै बर्थिङ सेन्टर सञ्चालन

पोखरापत्र संवाददाता
गोरखा, २६ भदौ

गोरखाको भीमसेन थापा गाउँपालिकाभित्रका विभिन्न वडामा बर्थिङ सेन्टर सञ्चालन भएपछि सुरक्षित प्रसूति सेवाका लागि सहज भएको छ । पालिकाभित्रका विभिन्न पाँचवटा स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर सञ्चालन भएसँगै प्रसूति सेवाका लागि सदरमुकाम वा जिल्लाबाहिर धाउनुपर्ने बाध्यता हटेको गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख भेषराज खनालले जानकारी दिनुभयो ।

"केही समयअघिसम्म सुरक्षित प्रसूति सेवाका लागि सदरमुकामस्थित गोरखा अस्पताल वा अन्यत्र धाउनुपर्ने यहाँका गर्भवतीको बाध्यता थियो, उहाँले भन्नुभयो, "अहिले पायक पर्नेगरी पालिका भित्रै ठाउँठाउँमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याएपछि निकै सहज भएको छ ।" गाउँगाउँमा सञ्चालित बर्थिङ सेन्टरबाट शल्यक्रिया गर्नुपर्नेबाहेकका अन्य सबै प्रकारका प्रसूति सेवा उपलब्ध गराउँदै आएको प्रमुख खनालको भनाइ छ । गाउँपालिका-१ मा रहेको खान्चोक स्वास्थ्य चौकी, वडा नं ३ मा रहेको तान्द्राङ स्वास्थ्य चौकी, वडा नं ४ मा रहेको धावा स्वास्थ्य चौकी, वडा नं ६ मा रहेको सहिद स्मृति आधार भूत अस्पताल र वडा नं ७ स्थित बोर्लाङ स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर सञ्चालनमा रहेको छ। "गत आर्थिक वर्षमा पालिकाभित्रका बर्थिङ सेन्टरबाट ५९ जना गर्भवतीलाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराएका छौं," उहाँले भन्नुभयो, "अहिले आफूखुसीबाहेक अप्रेसन गर्नुपर्ने गर्भवतीलाई मात्र पालिकाबाहिर रिफर गर्ने गरिएको छ।" गाउँपालिकाभित्र सञ्चालित बर्थिङ सेन्टरमध्ये खान्चोक बर्थिङ सेन्टरबाट २४, तान्द्राङ बर्थिङ सेन्टरबाट चार, धावा बर्थिङ सेन्टरबाट ६ जना गर्भवतीलाई गत वर्ष सुरक्षित प्रसूति सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । त्यस्तै, सहिद स्मृति आधारभूत अस्पतालबाट १६, बोर्लाङ स्वास्थ्य चौकीबाट नौजना गर्भवतीलाई प्रसूति सेवा उपलब्ध गराइएको प्रमुख खनालको भनाइ छ। पालिकाभित्र सञ्चालित अन्य स्वास्थ्य संस्थाहरूबाट पनि गर्भजाँच तथा सुत्केरी भइसकेपछिका जाँच सेवा प्रदान गर्दै आएको उहाँले बताउनुभयो ।

# अन्नपूर्णमा घरमै प्रसूति हुनेको सङ्ख्या शून्य

पोखरापत्र संवाददाता
म्याग्दी, २६ भदौ

म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा घरमा प्रसूति हुनेको सङ्ख्या शून्यमा झरेको छ । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै विभिन्न समस्या देखिने गरेकाले पालिकाले स्वास्थ्य संस्थामै प्रसूति गराउने अभियान सुरु गरेको थियो ।

प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन सुरु गरिएको अभियान सफल भएको र घरमा प्रसूति हुनेको सङ्ख्या शून्य बनाइएको स्वास्थ्य शाखा प्रमुख समुन्द्र बरुवालले जानकारी दिनुभयो । "अन्नपूर्णका सबै गर्भवतीहरूले पछिल्लो एक वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका छन् । घरमा प्रसूति हुनेको सङ्ख्या शून्यमा झरेका छौं", उहाँले भन्नुभयो, "यसलाई कायम राख्नका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइरहेका छौं ।" यहाँ आर्थिक वर्ष २०८०/८१ मा शतप्रतिशत ९१ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । आव २०७९/८० मा एक सय ३९ मध्ये एक सय ३५ जनाले संस्थागत प्रसूति सेवा लिँदा एक जनाले मात्र घरमा र चार जनाले मृत बच्चा जन्माएका थिए । आव २०७८/७९ मा पालिकामा एक सय २७ जनाले संस्थागत प्रसूति सेवा लिएका थिए । घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भ परीक्षण नगराउने समस्या हटाउन पालिकाले 'आमासँग जनप्रतिनिधि' कार्यक्रम सञ्चालन गरेको छ । तोकिएको समयमा नियमित गर्भ परीक्षण र संस्थागत प्रसूति सेवामा पहुँच बढाएर मातृ शिशु मृत्युदर घटाउन, स्वास्थ्य र पोषण सुधार गर्न कार्यक्रम प्रभावकारी बनेको उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो । "गर्भवती र सुत्केरीलाई अण्डा, भाले, घ्यू, सर्वोत्तम पिठो र न्यानो कपडा वितरण गर्न गत आवमा आमासँग जनप्रतिनिधि कार्यक्रमका लागि रु सात लाख बजेट विनियोजन भएको थियो", उहाँले भन्नुभयो, "यस वर्ष उक्त कार्यक्रमलाई रु चार लाखसहित स्वास्थ्यसम्बन्धी कार्यक्रममा रु ९१ लाख विनियोजन भएको छ ।" तोकिएको मितिमा चार पटक गर्भ परीक्षण गर्दा हरेक पटक एक/एक क्रेट अण्डा र संस्थागत प्रसूति हुनेलाई जनप्रतिनिधि र स्वास्थ्यकर्मी घरमै पुगेर एउटा कुखुराको भाले र आधा लिटर घ्यू दिने गरिएको छ ।

सुत्केरी भएपछि पनि तीन पटक सुत्केरी जाँच गर्नेलाई थप एक क्रेट अण्डा, एक किलोग्राम सर्वोत्तम पिठो र बच्चालाई न्यानो कपडा दिने गरिएको छ । उपहार दिन थालिएपछि गर्भ परीक्षण गराउने र संस्थागत प्रसूति सेवा लिने दर शतप्रतिशत भएको हो । नियमित गर्भ र सुत्केरी परीक्षण गराउँदा आमा र बच्चाको स्वास्थ्य अवस्था तथा समस्या पहिचान गरेर जोखिमको व्यवस्थापन गर्न सहज भएको घार स्वास्थ्य चौकीका प्रमुख विमला केसीको भनाइ छ । "गर्भवती र सुत्केरीको खानपान, सरसफाइ र स्याहारसुसारमा जागरण आएको छ ।

उपहार दिइने अण्डा, घ्यू, सर्वोत्तम पिठो र भाले स्थानीय उत्पादन प्रयोग गरिएकाले यसबाट अन्यले पनि लाभ लिएको छन्", उहाँले भन्नुभयो । आठ वडा रहेको अन्नपूर्णको दोवा, दाना र नारच्याङबाहेक भुरुङ-तातोपानी, शिखा, घार, हिस्तान र राम्चेका स्वास्थ्य संस्थामा प्रसूति सेवा केन्द्र छन् । वडा नं ५ मा पर्ने पाउद्वारको सामुदायिक स्वास्थ्य एकाइमा पनि प्रसूति केन्द्र सञ्चालनमा छ ।

# घरबासको आकर्षण : तीस थरिका परिकार

रासस
बागलुङ, २६ भदौ

घरबासमा पाहुना आकर्षण गर्ने माध्यम हो प्रकृति र परिकार । प्रकृतिमा रमाउँदै अर्गानिक खानाका परिकार चाख्नका लागि आन्तरिक पर्यटक घरबास पुग्ने गर्छन् । यही मान्यताअनुसार बागलुङका चार घरबासका सञ्चालकहरू स्थानीय उत्पादनलाई स्वादिष्ट परिकार बनाउँदै पाहुनाको मन जित्ने गरी तयार भएका छन् ।

यहाँको काठेखोला गाउँपालिकाका चार घरबासका सञ्चालक खानाका स्वादिष्ट ३० थरी परिकार बनाउन पोख्त भइसकेका छन् । यसका लागि उनीहरूले तालिम नै लिएका छन् । पाक कलामा पोख्त मनिषा श्रेष्ठले यहाँ चार घरबासमा आएका पाहुनालाई स्वादिष्ट खानाका थरी-थरी परिकार बनाउन सिकाउनुभएको थियो । सञ्चालकले श्रेष्ठले चियादेखि जुससम्म र ढिडोदेखि मासुका परिकार बनाउन सिकाउनुभएको छ । "१२ दिनभित्र चार घरबासका ८० सञ्चालकलाई ३० थरीका परिकार बनाउन सिकाइयो । अब पाहुनाको रोजाइ अनुसारको खाना बनाउन सकेमा घरबास दिगो चल्ने छ", श्रेष्ठले भन्नुभयो । यहाँ भदौ पहिलो साता प्रशिक्षण कार्यक्रम आयोजना भएको थियो । काठेखोला गाउँपालिका-५ स्थित शिवधुरी सामुदायिक घरबास, काठेखोला गाउँपालिका-७ रेशको बौर सामुदायिक घरबास, काठेखोला गाउँपालिका-३ धम्जास्थित देउराली सामुदायिक घरबास र काठेखोला गाउँपालिका-८लेखानीकोखानीगाउँ सामुदायिक घरबासका २०/२० जना सञ्चालकलाई घरबासमै पुगेर घरबास व्यवस्थापन तथा खानाका परिकार बनाउने तालिम दिइएको थियो । प्रशिक्षणसँगै प्रशिक्षार्थीहरूले खानाका परिकार बनाउन थालिसक्नुभएको छ । "एक दर्जन खानाका परिकार त हामीले परम्परागतदेखि नै बनाउँदै आएका थियौं । तालिमपछि त्यही परिकारलाई नयाँ स्वादमा पस्कन सिकेका छौं", धम्जा देउराली सामुदायिक घरबासका सञ्चालक अनिशा थापाले भन्नुभयो । उहाँले स्थानीय स्तरमै पाइने आलु, सिस्नो देखि कोदो परिकार बनाउने नयाँ तरिका सिक्दा घरबासका पाहुनालाई नयाँ स्वाद चखाउन उत्साहित भएको बताउनुभयो । घरबास सञ्चालकको क्षमता बढाउनका लागि पहिलो चरणमा काठेखोला गाउँपालिकाका चार घरबासलाई खानाका परिकार बनाउन र आतिथ्यतासम्बन्धी तालिम दिइएको नेपाल गाजा डेभलपमेन्ट फाउण्डेशनका सचिव उमेश गौतमले जानकारी दिनुभयो । उहाँले घरबासलाई चलायमान बनाउन सञ्चालक आतिथ्यता र परिकार बनाउन अब्बल हुन आवश्यक रहेको बताउनुभयो । घरबासमा आतिथ्यतासम्बन्धी तालिम दिँदै आउनुभएका सुरज बाँस्तोलाले घरबासको दिगोपनाका लागि सञ्चालक सक्षम रहन आवश्यकता रहेको बताउनुभयो । उहाँले समुदायको आर्थिक उपार्जनसँगै पर्यटनको विकासमा घरबास महत्वपूर्ण सावित हुँदै गएको घरबास महासंघ नेपालका कोषाध्यक्ष बाँस्तोलाको भनाइ छ ।

घरबासमा चाख्न पाइन्छ ३० थरीका परिकार

"लहडमा आएर खुलेका घरबास चल्दैनन्, अबका घरबास प्राकृतिक सुन्दरता, सरसफाइ तथा स्वादिष्ट खानाका परिकार चखाउन सक्ने हुन आवश्यक छन्, मकैको खिरदेखि आलुका परिकार, चियाको स्वाददेखि मासुका परिकार पस्कन आवश्यक छ", प्रशिक्षक श्रेष्ठले भन्नुभयो, "घरबासमा पुगेका पाहुना पैसा खर्च गर्न पुगेका हुन्छन् भन्ने हुँदैन पाहुनाको रोजाइँअनुसार खानाका परिकार पस्कन सके पैसा कमाउन समस्या छैन, कम्तीमा घरबास सञ्चालको ३० थरीका परिकार बनाउन सिपालु हुन पर्दछ ।"

तालिमका क्रममा सैद्धान्तिकसँगै खानाका परिकार नै बनाएर देखाइने र सञ्चालकलाई खानाका परिकार बनाउन सिकाइने भएकाले तालिमले घरबास सञ्चालकलाई उत्साहित बनाएको उहाँको भनाइ छ । यही तालिको सिकाइबाट यहाँका घरबास सञ्चालकहरूले हाल तिब्बतियन रोटी, थेन्डुक, मुलाको पकौडा, आलुको अचार, दूध चिया, फापरको केके, जिरा आलु, मेथी आलु, आलुको पकौडा, टिम्मुरे आलु, सागको पकौडा, चिउराको पुलाउ, जाम, केराको चिप्स, अण्डा, अण्डाको अम्लेट, फर्सीको हलुवा, कोदोको सुप, झानेको सागको परिकार बनाउन थालिका सकेका छन् । यस्तै मकैको बिस्कुट, मकैको खिर, सिस्नोको सुप, हाँसको छोयला, पुलाउ, जिरा भात, जागर भात, जोगी भात, भोल तरकारी, चिकेन, मिक्स अचार, चिकेन फ्राइ, कक्टेल जुस, सर्वत र लस्सी बनाउन पनि उनीहरू तयार भएका छन् ।

# 'मिस विभा २०२४' को ताज प्रेमा लामगाढेलाई

रासस
काठमाडौं, २६ भदौ

उमङ्ग क्रियशनद्वारा आयोजित 'मिस विभा २०२४' को ताज प्रेमा लामगाढेले पहिरेकी छिन् ।

बुधबार साँझ सम्पन्न फिनालेबाट पाँच प्रतिस्पर्धीलाई पछि पार्दै लामगाढेले ताज पहिरेकी हुन् । मिस विभाका इन्टर नेसनल डाइरेक्टर भूमि पाठकले विजेता प्रेमा लामगाढेलाई ताज पहिराउनुभयो ।

प्रतियोगिताको निर्णायकमा अनु श्रेष्ठ, अमनप्रताप अधिकारी, सरिता श्री ज्ञवाली, करण वैद्य र ईच्छा कार्की रहनुभएको थियो भने कार्यक्रमको निर्देशकमा प्रशान्त ताम्राकार रहनुभएको थियो ।

प्रतियोगितामा अस्मिता शाह, डा काजल ठाकुर, आकृति कुँवर, प्रेक्षा जोशी, विना महर्जन, प्रेमा लामगाढे, ज्योति खड्क, रिंसा शाक्य, प्रिया महर्जन, श्रीया मानन्धर, शिशेका सुब्बा, सञ्जु केसी, सुधिरा यादव, जेनिता सेन्चुरीको सहभागिता रहेको थियो । विजेताले आगामी अक्टोबर २५ (कात्तिक ९) मा कम्बोडियामा हुने मिस ग्राण्डको फाइनलमा सहभागी हुन पाउने छन् ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# हीरापाटाका एक सय ५० घरमा धारा जडान

पोखरापत्र संवाददाता
वालिङ, २६ भदौ

पुतलीबजार नगरपालिका-१३ हीरापाटाका एक सय ५० घरमा 'एक घर-एक धारा' योजनाअन्तर्गत धारा जडान गरिएका छन् ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख हरिप्रसाद तिमिल्सिनाका अनुसार लामो समयदेखि खोल्सा तथा कुवाको पानी प्रयोग गर्दै आएका स्थानीयका घरमा गरिएको हो । दरौँखोला किनारको मूलबाट पानी तानेर वितरण गरिएको हो । "सङ्घीय सरकारअन्तर्गत आव २०७४/७५ मा निर्माण सुरु भएको उक्त आयोजना कार्यान्वयनका लागि गण्डकी प्रदेशमा हस्तान्तरण भई आएको थियो", उहाँले भन्नुभयो, "निर्माण सुरु भएदेखि क्रमिक रूपमा निर्माण सम्पन्न हुँदाको समयसम्म झण्डै रु चार करोड खर्च भएको छ ।" सङ्घीय सरकारबाट विनियोजन भएको रु तीन करोड ५४ लाख र स्थानीयको जनश्रमदान रु ४१ लाख गरी रु तीन करोड ९५ लाखको लागतमा निर्माण सम्पन्न भएको हो । "सञ्चालनमा आएको खानेपानी आयोजना गुणस्तर तथा शुद्धीकरणको नमूनाका रूपमा रहेको छ", उहाँले भन्नुभयो, "पानी शुद्धीकरणका लागि फिल्टरलगायत उपकरण जडान गरिएको छ ।" निर्माण सुरु भएको सात वर्षपछि धारामा पानी आउँदा स्थानीयमा खुसी छाएको छ । योजना सम्पन्न भई सञ्चालनमा आएसँगै हीरापाटा, न्यौपाने थर, जामुने, देउराली, लौके, बगैँचा, मान्केस्वाँरा, भैरवथानका एक सय ५० घरका सात सय ९५ जना प्रत्यक्ष लाभान्वित भएका छन् ।

# डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

**म हेम बहादुर थापाको Indian Army को पेन्सन निस्कँदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट स्याङ्जादेखि पोखरा पेन्सन क्याम्पस आउँदा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name : Hem Bahadur Thapa
Indian Army No.: 5435232 5/5GR (F.F.)
PPO No. : 27130 Rank: Sipahi
TS No : 48238
**ठेगाना** : हरिनास-७, स्याङ्जा
**सम्पर्क नं.** : 9816126314

# अपाङ्गता भएकालाई घरमै परिचपत्र

**पोखरापत्र संवाददाता**
गोरखा, २६ भदौं

सहिद लखन गाउँपालिकाले पालिकाभित्रका अपाङ्गता भएका व्यक्तिलाई घरमै पुगेर अपाङ्गता परिचयपत्र वितरण तथा नवीकरण गरेको छ।

गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिका सहजताका लागि चिकित्सकसहित कर्मचारी र जनप्रतिनिधि परिचालन गरी अपाङ्गता परिचयपत्र वितरण गरेको गाउँपालिकाकी उपाध्यक्ष इन्दिरा तिवारीले जानकारी दिनुभयो । "अपाङ्गता भएका कोही पनि व्यक्ति परिचत्रपत्र बनाउन नसकेर राज्यले प्रदान गर्दै आएको सेवासुविधाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्य गाउँपालिकाको हो, पालिकाले चिकित्सक र आवश्यक जनशक्ति परिचालन गरेर अपाङ्गता भएका व्यक्तिका घरघरमा पुगेर सबै प्रक्रिया पूरा गरी परिचयपत्र वितरण गरेको हो।"

परिचयपत्र वितरणका लागि गोरखा अस्पतालका 'मेडिकल अफिसर' सन्तोष सिटौलासहित गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख वीरेन्द्र श्रेष्ठलगायत टोली अपाङ्गता भएका व्यक्तिको घरघरमा पुगेका थिए। "अपाङ्गता परिचयपत्र दिन 'मेडिकल रिपोर्ट' अनिवार्य हुन्छ, त्यसका लागि चिकित्सकसमेत घरमै पठाइएको हो", उपाध्यक्ष तिवारीले भन्नुभयो । पालिकाभित्रका दुई सय ३३ जना अपाङ्गता भएका व्यक्तिलाई सेवा प्रदान गरिएको उहाँले बताउनुभयो । जसमा परिचयपत्र नभएका थप नौ जनालाई नयाँ अपाङ्गता परिचयपत्र वितरण गरिएको छभने दुई सय २४ जनाको अपाङ्गता परिचयपत्र नवीकरण गरिएको गाउँपालिकाले जनाएको छ।

नयाँ अपाङ्गता परिचयपत्र वितरण गरिएकाहरुमा वडा नम्बर २, ४, ५, ६, ८ र ९ का रहेको उहाँले बताउनुभयो । पालिकाले यही भदौ २० देखि २४ गतेसम्म घर तथा टोलटोलमा पुगेर परिचयपत्र वितरण तथा नवीकरणको काम सम्पन्न गरेको हो । घरमै परिचयपत्र नवीकरण तथा नयाँ परिचयपत्र प्राप्त गरेपछि लाभग्राही दङ्ग छन् ।

# पर्यटन प्रवर्द्धनमा सहयोगी बन्दै बन्दीपुर केबलकार

**रासस**
दमौली, २६ भदौं

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा केबलकार सञ्चालनमा आएपछि चलपहल बढेको छ । गत जेठ ३१ गतेदेखि केबलकार व्यावसायिक रुपमा सञ्चालनमा आएपछि केबलकार चढ्न चहलपहल बढेको हो ।

बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बन्दीपुर र समग्र तनहुँ जिल्लाकै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित केबलकार सञ्चालनमा ल्याइएको बताउनुभयो । "यहाँ पहिलो चरणमा केबलकार, जीपलाइन र साइक्लिङि सञ्चालनमा आएको छ । सबै सेवा प्रयोगमा हाल ६० प्रतिशत छुट दिइएको छ", उहाँले भन्नुभयो,"करिब तीन महिनामा आन्तरिक पर्यटकको चहलपहलले उत्साहित बनाएको छ ।" बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा केबलकार बन्दीपुरको पर्यटन प्रवर्द्धनमा कोशेढुङ्गा हुने बताउनुहुन्छ। "देश तथा विदेशमा परिचित बन्दीपुरमा नयाँ नयाँ पर्यटकीय पूर्वाधार थपिनु राम्रो हो । यसले पक्कै पनि यहाँका पर्यटकीय सम्भावनालाई आर्थिक गतिविधिसँग जोडेर लाभ लिन सघाउ पुग्ने छ", उहाँले भन्नुभयो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत किरणकुमार पोखरेलले अन्तर्राष्ट्रिय प्रविधि तथा सुरक्षा गुणस्तर परीक्षण प्रमाणपत्र (टियुभी सर्टिफिकेट) प्राप्त गरी केबलकार सञ्चालनमा ल्याइएको र अब यसको प्रचारप्रसारको काम भइरहेको सुनाउनुभयो । केबलकारबाट यहाँको प्रसिद्ध खड्गदेवी मन्दिरको दर्शनसमेत गर्न सकिन्छ । यसअघि वर्षको नवरात्रको नौ दिन मात्र खुला हुने मन्दिर अब हरेक दिन दर्शन गर्न सकिने व्यवस्था मिलाइएकाले पनि धार्मिक पर्यटकलाई थप सहज भएको छ। प्रति घण्टा पाँच सय यात्री बोक्न सक्ने क्षमता रहेको केबलकार विभिन्न सिफ्ट गरेर दैनिक बिहान ६ बजेदेखि राति ११ बजेसम्म चल्ने, साँझ ५ बजेदेखि राति ११ बजेसम्म छ वटा रेष्ट्रो क्याबिन रेस्टुरेण्ट एवं आराम कक्ष सञ्चालन गर्ने योजनासमेत कम्पनीको छ।

यहाँ जङ्गली म्युजियम, चिल्ड्रेन जोन, ३३ कोटी देवीदेवताका मूर्तिसहितको आकर्षक पार्क सञ्चालनमा आइसकेको छ। यहाँ कूल रु छ सय २९ करोडमध्ये हालसम्म रु चार सय ३३ करोडको काम सम्पन्न भइसकेको अध्यक्ष शर्माले जानकारी दिनुभयो। समग्र बन्दीपुरहिल गुरुयोजना अनुसारका संरचना आगामी दुई वर्षभित्र निर्माण सम्पन्न हुने लक्ष्य राखिएको छ।

यस्तै निर्माणाधीन १७ तले कुइन टावर नामक पाँच तारे होटल आगामी पाँच महिनाभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको जनाइएको छ । यस्तै, दुई वर्षभित्र स्काइ वाक, ८५ मिटर लामो क्यान्टी लिभर ग्लास वाक थ्रु, संसारकै अग्लो दावी गरिएको दुई सय ९३ मिटर अग्लो बन्जी जम्प, सेभेन आकारको २८ सय मिटर लामो जिपलाइन, बन्दीपुरदेखि सिद्ध गुफासम्मको चियर लिफ्ट केबलकारलगायत संरचनाको काम पनि हुने हुने कम्पनीले जनाएको छ।

# मुस्ताङको चितुवा गुफा पूर्वाधारका अभावमा ओझेलमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ भदौं



मुस्ताङको घरपझोङ गाउँपालिका-५ ठिनीमा रहेको हिउँ चितुवा गुफामा पुग्ने पदमार्ग नुहँदा पर्यटकलाई समस्या भएको छ । मुस्ताङ घुम्न आउने पर्यटकलाई भुलाउन र बसाई लम्बाउनका लागि उपयुक्त सम्भावना बोकेको हिउँ चितुवा गुफा पूर्वाधारको अभावमा ओझेलमा परेको हो।

जोमसोम-ठिनी-ढुम्बाताल सडकदेखि गुफासम्म पुग्ने उकालोमा निर्माण गरिएको पदमार्ग भत्किएपछि पर्यटकलाई त्यहाँ पुग्न समस्या भएको छ। करिब तीन सय मिटर पदमार्ग निर्माण गर्न सकेमा पर्यटकलाई आवत जावत गर्न सहज हुने बताइएको छ । कालोपत्रको तयारीमा रहेको जोमसोम-ठिनी-ढुम्बाताल सडकको ठिनीदेखि गुफासम्म पुग्ने व्यवस्थित पदमार्ग भएमा पर्यटकलाई सहज हुने ठिनीवासी निरज थकालीले बताउनुभयो । "गुफाको नाम हिउँ चितुवा राखिएका कारण नै हिउँ चितुवा र गुफाबीचको सम्बन्धका बारेमा धेरैलाई चासो छ," उहाँले भन्नुभयो "गुफा भएकै ठाउँमा अन्नपूर्ण संरक्षण क्षेत्र एक्यापले क्यामेराहरू राखेर हिउँ चितुवाको भिडियो र फोटोहरू खिचेको थियो। त्यो बेलामा चार वटा हिउँ चितुवा क्यामेरामा कैद भएकाले गुफा र हिउँ चितुवाको सम्बन्ध पुष्टि भएको हो।" गुफा रहेको क्षेत्रमा दुर्लभ वन्यजन्तु हिउँचितुवा आउने तथा गुफा र हिउँ चितुवा दुवैको प्रचारप्रसार हुने भएकाले 'हिउँ चितुवा गुफा' भनी नामकरण गरिएको थकालीले बताउनुभयो । लोपोन्मुख अवस्थामा रहेको हिउँचितुवा नेपालको हिमाली भेग सहित विश्वका १२ देशमा मात्र पाइन्छ। जोमसोम बजारबाट ठिनी हुँदै गाडीमा १० मिनेटको यात्रा गरी पाँच मिनेटको पैदल यात्रा गरेपछि गुफामा पुगिन्छ। वि.स. २०७१ मा उद्यान बनाउने क्रममा निस्कीएको माटो पन्छाउने क्रममा तीन वटा गुफाहरू भेटिएका थिए । १० मिटर भन्दा बढी लामो गुफाभित्र विभिन्न प्राकृतिक आकृतिहरू देख्न सकिन्छ । गुफाभित्रैबाट ठिनी गाउँ र जोमसोम बजार अवलोकन गर्न पाउनु यहाँको थप आकर्षण हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना(एक्याप), नेपाल पर्यटन बोर्ड र घरपझोङ गाउँपालिकाले प्रवेशद्धार, पदमार्ग र गुफा परिसरमा पर्यटक बस्ने बेञ्च बनाएका थिए। धेरै बर्षात भएर प्रवेशद्धार देखि गुफा सम्म पुग्ने पदमार्ग भत्किएपछि समस्या भएको छ। पर्यटन तथा उद्योग कार्यालय मुस्ताङका प्रमुख प्रेमप्रसाद पौडेलले हिउँ चितुवा गुफा जोड्ने पदमार्ग लगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा २० लाख बजेट बिनियोजन भएको जानकारी दिनुभयो । प्रदेश सरकारले विनियोजन गरेको उक्त बजेटबाट पदमार्ग निर्माण भएपछि पर्यटकहरूलाई सहज हुने र आगमन बढ्ने उहाँले बताउनुभयो।

# पर्यटकीय याम सुरु हुँदै : पर्यटनको राजधानीमा यस्तो छ तयारी

**रामबहादुर थापा**
पाखेरा, २६ भदौं /रासस



पोखरा यसैपनि विश्वमाझ परिचित पर्यटन गन्तव्य त हुँदै हो त्यहीँमाथि अहिले पोखराले पर्यटकीय राजधानीको उपमासमेत पाएको छ । पर्यटकीय राजधानी घोषणापछि पोखराले एउटा मुख्य पर्यटकीय याम गुजारिसकेको छ भने अर्को मुख्य पर्यटकीय याम असोजदेखि सुरु हुँदैछ। नेपालमा असोज-मङ्सिर र चैत-जेठलाई मुख्य पर्यटकीय यामका रूपमा लिइन्छ। यी दुई याममा पोखरालगायत देशभरका पर्यटकीय गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्छ।

नेपाल भित्रने विदेशी पर्यटकमध्ये झण्डै आधासहित लाखौं आन्तरिक पर्यटकको रोजाइमा पर्ने पोखरामा आउँदो पर्यटकीय याममा थप पर्यटक भित्राउने योजना के छन् त ? पर्यटकीय राजधानी हुनुले पोखरामा हुने पर्यटकको आवागमनमा यसपालि वृद्धि होला त ? होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले भन्नुभयो, "प्रर्वद्धनात्मक कार्यक्रममा हामी बढी केन्द्रित छौं, पर्यटकीय राजधानी घोषणा लगत्तै होटलमा छुट अफरसहित विभिन्न प्याकेजहरू सार्वजनिक गरेका थियौं ।" उहाँले 'अफ सिजन'मा होटलहरूले ५० प्रतिशतसम्म छुट दिने गरेको बताउनुभयो । "अहिलेको वर्षायाममा पर्यटक आगमन ज्यादै न्यून रह्यो, आन्तरिक पर्यटक पनि पोखरा-मुग्लिन राजमार्गको नाजुक अवस्थाका कारण पोखरा आउन चाहेनन्", सङ्घका अध्यक्ष सुवेदीले भन्नुभयो, "अब असोज लागेपछि पर्यटक आवागमन बढ्छ, पदयात्राका लागि आउने विदेशी पर्यटक पनि यही याममा बढी आउँछन्।" उहाँले आन्तरिक पर्यटकलाई पोखरा भित्राउन देशका विभिन्न सहरमा 'जाऔँ है पोखरा' कार्यक्रम सञ्चालन गर्ने गरिएको बताउनुभयो । भारतीय बजारलाई लक्षित गरी 'चलिए पोखरा' र चीनमा पनि सोही प्रकृतिको प्रवर्द्धनात्मक कार्यक्रम बर्सेनि हुँदै आएको उहाँको भनाइ छ । "पोखरामा धेरैभन्दा धेरै पर्यटक कसरी भित्राउन सकिन्छ भनेर होटल सङ्घलगायत पर्यटन सम्बद्ध सङ्घसंस्थाहरू लागिपरेका छन्", सङ्घका अध्यक्ष सुवेदीले भन्नुभयो, "पर्यटकीय राजधानी घोषणा भइसकेको सन्दर्भमा पोखराको पर्यटन विकासमा राज्यका नियकाले पनि विशेष ध्यान दिनुपर्छ, पूर्वाधारमा लगानी बढाउनुपर्छ।" लामो प्रयास र बहसपछि गत चैत ४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पोखरालाई औपचारिक रूपमा पर्यटकीय राजधानी घोषणा गर्नुभएको थियो । घोषणाका क्रममा उहाँले पोखरा प्राकृतिक, सांस्कृतिक तथा साहसिक क्षेत्रको अद्वितीय सङ्गमका रूपमा रहेको उल्लेख गर्नुभएको थियो। प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयका पर्यटन शाखा प्रमुख डम्बर जिसीले पर्यटन पूर्वाधार र प्रवर्द्धनका कार्यक्रम भइरहेको बताउनुभयो । पोखरालगायत यस क्षेत्रका गन्तव्यस्थलको वृत्तचित्र र प्रचार सामग्री तयार पारी प्रकाशन/प्रसारण गरिएको उहाँको भनाइ छ। "आउँदो पर्यटकीय यामलाई लक्षित गरी पोखरामा बृहत् सांस्कृतिक कार्यक्रम गर्ने सोच मन्त्रालयले बनाएको छ, अन्य प्रवर्द्धनात्मक कार्यक्रम पनि तय गरिएको छ", उहाँले भन्नुभयो, "पोखराको नयाँ गन्तव्यका रूपमा विकास भइरहेको राउण्ड फेवा-भ्यू फेवा ट्रेकिङ ट्रेलको काम आधा सकिएको छ, यो वर्ष थप ५० लाख बजेट उक्त योजना छ ।" प्रदेश सरकारले बेगनास तालमा क्रुज सिप सञ्चालनको योजना पनि अगाडि बढाएको उहाँले बताउनुभयो । प्रदेश सरकारले आधुनिक बसपार्क निर्माण, विमानस्थलदेखि पृथ्वीचोकसम्म सटल बस सेवा, ध्यान केन्दल निर्माणलगायत पर्यटनलक्षित योजना घोषणा गरेको छ। पर्यटन व्यवसायी एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटकीय राजधानीका रूपमा विश्व पर्यटन बजारमा पोखराको थप ' ब्राण्डिङ' भइरहेको बताउनुभयो । "पोखरा यसैपनि पूर्वाधारसम्पन्न पर्यटन गन्तव्य हो, पर्यटकीय राजधानी घोषणाले पोखराको समग्र विकासमा थप मद्दत पुग्छ, तीनै तहका सरकारको वार्षिक बजेट तथा कार्यक्रममा प्राथमिकता दिनुपर्छ", उहाँले भन्नुभयो, "यो घोषणाले पोखरा मात्रै नभएर सिङ्गो देशकै आर्थिक समृद्धिमा दुरगामी महत्व राख्छ ।" पोखरामा उल्लेख्य संख्यामा विदेशी पर्यटक भित्राउन पोखरा अन्तर ष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान र चीनसँगको कोरला नाका नियमित सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्ष बित्न लाग्दासमेत अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। पर्यटन व्यवसायी श्रेष्ठका अनुसार पोखराको पर्यटनमा झण्डै छ खर्बको लगानी छ। साधारणदेखि पाँच तारेसम्म गरी झण्डै १२ सय होटल पोखरामा सञ्चालित छन्। बहुआयमिक विशेषता र सम्भावनाले भरिएको पर्यटकीय राजधानी पोखराको समग्र विकासमा सरकार र निजी क्षेत्रबीच सहयोग, समन्वय र सहकार्य हुनुपर्ने उहाँको भनाइ छ।। पर्यटकीय गन्तव्यको पहिचान तथा प्रचारप्रसार, पर्यटकीय पूर्वाधारको विकास र विविधिकरण, मापदण्ड, सेवाको गुणस्तरलगायत २० सूचकमा टेकेर पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको थियो। उक्त घोषणासँगै पोखराको पर्यटन विकासमा तीन वर्षे, पाँच वर्षे र दीर्घकालीन योजना तय गरिएको छ। अल्पकालीन रणनीतिअन्तर्गत पूर्वाधार विकास तथा विस्तार, सांस्कृतिक सम्पदाको प्रवर्द्धन र 'ब्राण्डिङ' तथा बजारीकरणमा जोड दिइएको छ। मध्यमकालीन रणनीतिमा विशिष्कृत पर्यटन विकास, बसोबासका विकल्पको विविधिकरण र व्यवसायिक जनशक्तिको उपलब्धतालाई समेटिएको छ । दिगोपना, समावेशीता, विद्युतीय पर्यटनलगायत विषय दीर्घकालीन रणनीतिमा उल्लेख छन् । पर्यटनको राजधानी घोषणा गरेर मात्र नहुने भन्दै पूर्वाधार, सेवाको गुणस्तर, दक्ष जनशक्ति र लगानी विस्तारमा सम्बद्ध पक्षको ध्यान जान जरुरी रहेको पर्यटन विज्ञहरूले बताउँदै आएका छन्।


## देखः हर्वल्स् प्रा.लि.

DEKHA Since 2003

धापाखेल २३, ललितपुर, बागमती प्रदेश, नेपाल

### दर रेट प्रकाशित गरेको बारे

उपरोक्त सम्बन्धमा यस उद्योगद्धारा उत्पादित तपशिल बमोजिमका आयुर्वेद औषधिहरुको खुद्रा मूल्य सरकारी संस्था, गैर सरकारी संस्था तथा सम्बन्धित सबैका जानकारीका लागि मिति २०८१।०५।२३ देखि लागू हुने गरी दररेट प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.स. | औषधिको नाम | प्याकिंग साइज | थोक मूल्य | खुद्रा मूल्य |
|---|---|---|---|---|
| १ | अविपत्तिकर चुर्ण | ५०० ग्राम | ६३३।६ | ९९० |
| | | १०० ग्राम | १६० | २५० |
| | | ५० ग्राम | ८३।२ | १३० |
| २ | अविपत्तिकर चुर्ण (गुलियो रहित) | १०० ग्राम | २५६ | ४०० |
| ३ | अश्वगन्धा चुर्ण | ५०० ग्राम | ११९७ | १८७० |
| | | १०० ग्राम | २६५।६ | ४१५ |
| | | ५० ग्राम | १३७।६ | २१५ |
| ४ | बिल्वादि चुर्ण | ५०० ग्राम | ७८७।२ | १२३० |
| | | १०० ग्राम | १६६।४ | २६० |
| | | ५० ग्राम | ८९।६ | १४० |
| ५ | हिंग्वाष्टक चुर्ण | ५०० ग्राम | १०८५ | १६९५ |
| | | १०० ग्राम | २४६।४ | ३८५ |
| | | ५० ग्राम | १३१।२ | २०५ |
| ६ | महासुर्दशन चुर्ण | ५०० ग्राम | १३०६ | २०४० |
| | | १०० ग्राम | २८१।६ | ४४० |
| | | ५० ग्राम | १४७।२ | २३० |
| ७ | निम्बादी चुर्ण | १०० ग्राम | २१७।६ | ३४० |
| | | ५० ग्राम | ११५।२ | १८० |
| ८ | पुष्यानुग चुर्ण | ५०० ग्राम | ११०१ | १७२० |
| | | १०० ग्राम | २४३।२ | ३८० |
| | | ५० ग्राम | १२८ | २०० |
| ९ | सितोपलादि चुर्ण | ५०० ग्राम | ६२४ | ९७५ |
| | | १०० ग्राम | १६९।६ | २६५ |
| | | ५० ग्राम | ९९।२ | १५५ |
| १० | त्रिफला चुर्ण | ५०० ग्राम | ३९६।८ | ६२० |
| | | २०० ग्राम | १९२ | ३०० |
| | | १०० ग्राम | १०२।४ | १६० |
| | | ५० ग्राम | ५४।४ | ८५ |
| ११ | गुडुची चुर्ण | १०० ग्राम | ११५।२ | १८० |
| | | ५० ग्राम | ६०।८ | ९५ |
| १२ | दशमूल चुर्ण | ५०० ग्राम | ६८१।६ | १०६५ |
| | | १०० ग्राम | १४७।२ | २३० |
| | | ५० ग्राम | ७६।८ | १२० |
| १३ | अर्जुन छाल चुर्ण | ५०० ग्राम | ५३१।२ | ८३० |
| | | १०० ग्राम | १०८।८ | १७० |
| | | ५० ग्राम | ७३।६ | ११५ |
| १४ | पञ्चसकार चुर्ण | १०० ग्राम | १२८ | २०० |
| १५ | रोहितक्यादी चुर्ण | १०० ग्राम | ३२० | ५०० |
| १६ | यष्ठीमधु चुर्ण | १०० ग्राम | १८२।४ | २८५ |
| १७ | अमला चुर्ण | १०० ग्राम | १४४ | २२५ |
| १८ | चन्दनादी चुर्ण | १०० ग्राम | १७९।२ | २८० |
| १९ | जामुन चुर्ण | १०० ग्राम | १५६।८ | २४५ |
| २० | ज्वानो चुर्ण | ५० ग्राम | ८३।२ | १३० |
| २१ | सतावरी ग्रेन्युल्स् | १०० ग्राम | २५६ | ४०० |
| २२ | त्रिकटु चुर्ण | ५० ग्राम | १७९।२ | २८० |
| २३ | सर्पगन्धाघन वटि | १०० ग्राम | ६७२ | १०५० |
| | | ५० ग्राम | ४३५।२ | ६८० |
| | | २५ ग्राम | १७२।८ | २७० |
| | | १० ग्राम | ९६ | १५० |
| २४ | खदिरादि वटि | १०० ग्राम | ५६६।४ | ८८५ |
| | | ५० ग्राम | ३०७।२ | ४८० |
| | | २५ ग्राम | १६० | २५० |
| | | १० ग्राम | ७०।४ | ११० |
| २५ | महाशंख वटि | १०० ग्राम | ७८०।८ | १२२० |
| | | ५० ग्राम | ३९०।४ | ६१० |
| | | २५ ग्राम | २०४।८ | ३२० |
| २६ | चन्द्रप्रभा वटी | १०० ग्राम | ५९२ | ९२५ |
| | | ५० ग्राम | ३३२।८ | ५२० |
| | | २५ ग्राम | १७९।२ | २८० |
| २७ | गन्धक रसायन | २५ ग्राम | २११।२ | ३३० |
| | | १५ ग्राम | १२१।६ | १९० |
| | | १० ग्राम | ८९।६ | १४० |
| २८ | टंकर्ण भष्म | २५ ग्राम | १८२।४ | २८५ |
| | | १५ ग्राम | ११२ | १७५ |
| | | १० ग्राम | ७६।८ | १२० |
| २९ | अर्शकुठार रस | १० ग्राम | १०२।४ | १६० |
| ३० | महायोगराज गुग्गुल | १०० ग्राम | १४०८ | २२०० |
| | | ५० ग्राम | ७६८ | १२०० |
| | | २५ ग्राम | ३९३।६ | ६१५ |
| ३१ | कैशोर गुग्गुल | १०० ग्राम | ५४४ | ८५० |
| | | ५० ग्राम | ३०७।२ | ४८० |
| | | २५ ग्राम | १६६।४ | २६० |
| ३२ | काञ्चनार गुग्गुल | १०० ग्राम | ५४४ | ८५० |
| | | २५ ग्राम | १६६।४ | २६० |
| ३३ | योगराज गुग्गुल | १०० ग्राम | ५४४ | ८५० |
| | | ५० ग्राम | ३०७।२ | ४८० |
| | | २५ ग्राम | १६६।४ | २६० |
| ३४ | मृग मदासब | १०० मि.लि. | ३२० | ५०० |
| | | ६० मि.लि. | १९२ | ३०० |
| | | ३० मि.लि. | १०२।४ | १६० |
| | | १५ मि.लि. | ६४ | १०० |
| ३५ | बालामृत सिरप | १०० मि.लि. | १०८।८ | १७० |
| | | ६० मि.लि. | ७६।८ | १२० |
| ३६ | षडविन्दु तेल | ३० मि.लि. | १५०।४ | २३५ |
| | | १५ मि.लि. | ८० | १२५ |
| ३७ | महानारायण तेल | १०० मि.लि. | २३६।८ | ३७० |
| | | ६० मि.लि. | १५०।४ | २३५ |
| ३८ | जात्यादि तेल | १०० मि.लि. | २३०।४ | ३६० |
| | | ६० मि.लि. | १४४ | २२५ |
| ३९ | दशमूल तेल | १०० मि.लि. | २०८ | ३२५ |
| | | ६० मि.लि. | ११८।४ | १८५ |
| ४० | शिलाजित | ५० ग्राम | ५१२ | ८०० |
| | | २५ ग्राम | २६२।४ | ४१० |
| ४१ | रुमोसेफ तेल | ६० मि.लि. | २२४ | ३५० |
| ४२ | पाईल्स् क्योर तेल | ६० मि.लि. | १७६ | २७५ |
| ४३ | सामक तेल | ६० मि.लि. | १९५।२ | ३०५ |
| | | १०० मि.लि. | ३०७।२ | ४८० |
| ४४ | हर्वोसिड सिरप | २०० मि.लि. | १२८ | २०० |
| | | ४५० मि.लि. | २८८ | ४५० |
| ४५ | ड्युसेफलोन सिरप | २०० मि.लि. | १२८ | २०० |
| | | ४५० मि.लि. | २८१।६ | ४४० |
| ४६ | हेप्टोजेन सिरप | २०० मि.लि. | १२८ | २०० |
| | | ४५० मि.लि. | २८१।६ | ४४० |
| ४७ | रक्तसाफ सिरप | २०० मि.लि. | १६० | २५० |
| ४८ | रेनकेयर सिरप | २०० मि.लि. | २१७।६ | ३४० |
| ४९ | मेनोरेक्स सिरप | २०० मि.लि. | १७९।२ | २८० |
| ५० | भाईजेन सिरप | २०० मि.लि. | १७९।२ | २८० |
| ५१ | रेस्पोकेयर सिरफ | १०० मि.लि. | ७६।८ | १२० |
| ५२ | ल्युकोसेफ क्याप्सुल | ४० क्याप्सुल | १६० | २५० |
| ५३ | हेप्टोजेन क्याप्सुल | ६० क्याप्सुल | १८२।४ | २८५ |
| ५४ | शिलाजित क्याप्सुल | ६० क्याप्सुल | ४४८ | ७०० |
| ५५ | अश्वगन्धा क्याप्सुल | ६० क्याप्सुल | २२४ | ३५० |
| ५६ | पाईल्स् क्योर क्याप्सुल | ६० क्याप्सुल | ३२० | ५०० |
| ५७ | निम क्याप्सुल | ६० क्याप्सुल | १६० | २५० |
| ५८ | रपिना क्याप्सुल | २० क्याप्सुल | १६० | २५० |
| ५९ | रुमोसेफ क्याप्सुल | ६० क्याप्सुल | ३२० | ५०० |
| ६० | सक्रिय क्याप्सुल | २० क्याप्सुल | ३६८ | ५७५ |
| ६१ | साईनुसेफ क्याप्सुल | ३० क्याप्सुल | २११।२ | ३३० |
| ६२ | कम्फोर्ट क्याप्सुल | ६० क्याप्सुल | ३२० | ५०० |
| ६३ | कर्डिजेन क्याप्सुल | ६० क्याप्सुल | ३०४ | ४७५ |
| ६४ | ग्लानडेक्स क्याप्सुल | ६० क्याप्सुल | ३२० | ५०० |
| ६५ | ग्लुकेयर क्याप्सुल | ६० क्याप्सुल | २८८ | ४५० |
| ६६ | सोमोरेक्स क्याप्सुल | ६० क्याप्सुल | ३६४।८ | ५७० |
| ६७ | लिप्जेन क्याप्सुल | ६० क्याप्सुल | ३५२ | ५५० |
| ६८ | प्रोस्टोरेक्स क्याप्सुल | ६० क्याप्सुल | ३२० | ५०० |